REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs     Date: 24.02.2026

लोकभवनमा फुलिरहेका ट्युलिपः अनौठो आकर्षणको केन्द्र

लोकभवन सिक्किम परिसर आजभोलि मनमोहक रंगीन ट्युलिपले सजिएको छ। राज्यपाल ओम प्रकाश माथुरले परिसरमा फुलिरहेका विभिन्न रंगका ट्युलिपहरू अवलोकन गर्नुभयो र आफ्नो खुशी व्यक्त गर्नुभयो। राज्यपालले ट्युलिप सुन्दरताको प्रतीक मात्र नभई सिक्किमका जनताको दृढ संकल्पको पनि यसले प्रतिनिधित्व गरेको भन्नुभयो। नेदरल्याण्ड् मूलका यी रातो, गुलाबी, सेतो, पहेंलो र सुन्तला रंगका ट्युलिपहरूले लोकभवनको सौन्दर्य र आभामा नयाँ आकर्षण थपेका छन्।

नयाँ दिल्लीमा अरुणाचल प्रदेशकी एक महिलामाथि भएको जातीय विभेदको घटनाप्रति कडा शब्दमा निन्दाः मुख्यमन्त्री

मुख्यमन्त्री प्रेम सिंह तामाङले नयाँ दिल्लीमा पूर्वोत्तर भारत को अरुणाचल प्रदेशकी एक महिलामाथि भएको जातीय विभेदको घटनाको कडा शब्दमा निन्दा गर्नुभयेको छ।

मुख्यमन्त्री तामाङले आफ्नो आधिकारिक सामाजिक सञ्जालमा उक्त घटना चिन्ताजनक र दुर्भाग्यपूर्ण भएको बताउँदै यस्ता घटनाले समाजमा आपसी सम्मान र मर्यादाको मूल्यलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको भन्नुभएको छ । उहाँले सबै नागरिकले सधैं एकअर्काप्रति सम्मान र सहिष्णुता कायम राख्नुपर्ने कुरोमा जोड दिनुभयो।

पूर्वोत्तर क्षेत्र राष्ट्रको अभिन्न अंग भएको स्मरण गराउँदै देशका प्रत्येक नागरिकले गरिमा, समानता र सम्मान पाउने अधिकार राख्दछ भन्दै मुख्यमन्त्रीले उक्त घटनाको निन्दा गर्नुभयो।

नाथुला र छाङ्गु ताल क्षेत्रमा भारी हिमपात, सयौँ पर्यटक उद्धार

पूर्व सिक्किम स्थित नाथुला घाटी र छाङ्गु ताल क्षेत्रमा आज भारी हिमपात भएपछि 100 भन्दा बढी पर्यटक सवारी साधन बीच बाटो मै अलपत्र परेका छन्। प्रतिकूल मौसमका कारण सडकमा बाक्लो हिउँ जम्दा आवागमन पूर्ण रूपमा प्रभावित भएको थियो। स्थानीय पर्यटन व्यवसायीहरूले दिएको जानकारी अनुसार परिस्थितिलाई मध्यनजर गर्दै स्थानीय प्रशासन र भारतीय सेना द्वारा संयुक्त रूपमा उद्धार अभियान सञ्चालन गरिएको छ। अलपत्र परेका पर्यटकहरूलाई सुरक्षित स्थानमा सारिएको जानकारी दिएको छ। हिजो पनि सोही क्षेत्रमा हिमपातका कारण 300 भन्दा बढी पर्यटक अलपत्र परेका थिए। सुरक्षाकर्मीहरूको सक्रिय पहलमा उनीहरूलाई सुरक्षित रूपमा उद्धार गरिएको थियो। यसैबीच, आज नाम्ची, गेजिङ र सोरेङका विभिन्न क्षेत्रमा पनि पानी परेको जानकारी प्राप्त भएको छ।

निरन्तर सुख्खा मौसमपछि परेको वर्षाले जनजीवनमा केही राहत मिलेको स्थानीयवासीले बताएका छन्। मौसम विभागले उच्च हिमाली क्षेत्रमा अझै हिमपात जारी रहन सक्ने भएकाले अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ।

जिल्ला प्रशासनले गेजिङ्गमा वन डढेलो रोकथामका लागि सार्वजनिक अपील र सल्लाह जारी गर्यो

गेजिङ्गका जिल्लापाल तेन्जिङ डी डेन्जोङ्पाले डिभिजनल वन अधिकारी (क्षेत्रीय) जिग्मे त्सेवाङ शारंगोईसँग मिलेर जिल्ला प्रशासनिक केन्द्र, गेजिङ्गको सम्मेलन हलमा, जिल्लामा हालै भएका वन डढेलोका घटनाहरूको बारेमा सार्वजनिक अपील र सल्लाह जारी गर्न पत्रकार सम्मेलन आयोजना गर्नुभयो। जिल्लापालले जानकारी दिए कि सागाचोलिङ गुम्बा र लिंगचोम भीरमा रिपोर्ट गरिएका हालैका वन डढेलोका घटनाहरू वन विभाग, अग्नि नियन्त्रक तथा आपतकालीन सेवाहरू, पुलिस, डीडीएमए, लाइन विभागहरू, पञ्चायत, सागाचोलिङ गुम्बाका भिक्षुहरू (लामाहरू) र स्थानीय स्वयंसेवकहरूको समन्वित प्रयासबाट सफलतापूर्वक नियन्त्रणमा ल्याइएको छ। जिल्लापालले सर्वसाधारणलाई वन डढेलो रोकथामका लागि वन विभागद्वारा जारी गरिएका निर्देशन र सल्लाहहरूको कडाईका साथ पालना गर्न अपील गरे।

गान्तोकमा साहसिक पर्यटन सरोकारवालासँग परामर्श बैठक सम्पन्न

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले हिजो सिक्किममा साहसिक पर्यटन सम्बर्धन र विकासका लागि पर्यटन सरोकारवालासँग परामर्श बैठकको आयोजना गर्यो। उक्त

बैठकमा विभिन्न सरोकारवाला तथा विभागीय प्रमुखहरूले सिक्किम इन्स्पायर्स कार्यक्रम अन्तर्गत साहसिक पर्यटनका लागि तालिम सम्बन्धी विषयमा विस्तृत छलफल गरेका थिए। बैठकमा सिक्किम पर्यटन विकास निगम (एसटीडीसी) का अध्यक्ष लुकेन्द्र रसाइली, विभागका अध्यक्ष नॉर्गे लाचुङ्चा तथा अतिरिक्त मुख्य सचिव सीएस रावको विशेष उपस्थिति रहेको थियो।

माई भारत सिक्किम

माई भारत सिक्किमको पाँच दिने अन्तर-राज्य युवा-आदानप्रदान कार्यक्रम हार्टफुलनेस इन्स्टिट्युट, तादोंगमा सांस्कृतिक समारोहका साथ समापन भयो। भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालय अन्तर्गत गान्तोक सिक्किमको माई भारत द्वारा त्रिपुरा युवा दलका लागि 19 देखि 23 फेब्रुअरी सम्म आयोजित अन्तर-राज्य युवा आदानप्रदान कार्यक्रम सांस्कृतिक विविधताको उत्सव मनाउने र विकासका महत्त्वपूर्ण क्षेत्रहरूमा युवा सहभागीहरुद्वारा प्रस्तुतीकरणहरू मार्फत युवा दृष्टिकोण साझा गर्ने जीवन्त समापन समारोहको साथ समाप्त भयो।